डिकनहरुको सक्रियता

पाष्टरीय तालीम पुस्तिका

४०

तालीम र वृद्धि

T&M ®

यो अध्ययनद्वारा डिकनहरुलाई अझ बढी प्रभावशाली ढङ्गमा सेवा पुऱ्याउनको निम्ति प्रोत्साहित गर्न परमेश्वरले तपाईंलाई सहायता गरुन् भनी प्रार्थना गर्नोस् ।

टिप्पणी: यो अध्ययनमा हामीले "डिकन" शब्द व्यावहारिक सेवा गर्ने व्यक्तिको निम्ति प्रयोग गरेका छौं । कति मण्डलीहरुमा, डिकन शब्द यो अर्थमा होइन, तर पाष्टरीय कामको निम्ति प्रयोग गरिन्छ । व्यावहारिक रुपमा सेवा पुऱ्याउनेहरुलाई जे नाउँ दिए पनि, यस्ता व्यक्तिहरुलाई मण्डलीले प्रोत्साहित गर्नुपर्दछ ।

उद्देश्यहरु

- प्रेरितहरुले गरे झैं, हाम्रो मण्डलीले पनि आवश्यकता अनुसारको डिकनहरु छान्न सकून् ।

- तपाईंको मण्डलीले पुरुष तथा स्त्रीहरुलाई डिकनको रुपमा सम्बन्धित जिम्मेवारीहरु निभाउन तालीम दिने काम गरुन् ।

- तपाईंको मण्डलीले प्रेमको व्यावहारिक कार्यहरुद्वारा इसाई साक्षी अभिव्यक्त गर्न सकून् ।

डिकन भन्नाले को बुझिन्छ ?

प्रेरितको पुस्तकले मण्डलीको प्रारम्भबारे जानकारी दिएको छ । अध्याय ६ मा, उनीहरुले प्रथम डिकनहरु छानेको विषयमा पढ्न पाउँछौं । (नयाँ करारमा "डिकन" शब्दको अर्थ "सेवक" हो ।) मण्डली द्रूतगतिमा बढिरहेको थियो...

कति विश्वासीहरु चाहिँ विधवाहरुको लागि सहयोग बाँड्ने काममा झगडा गरिरहेका छन् ।

बाह्र जना प्रेरितहरुले समस्याबारे छलफल गरे । उनीहरुले के गर्नु पर्ने हो ?

सबै भाइहरु सहमत भए । उनीहरुले मण्डलीका प्रथम डिकनहरु यसरी छानेका थिए: स्तिफनस, फिलिप, प्रोकुरस, निकानोर, तिमोन, पर्मेनस अनि निकोलस ।



...अनि मण्डलीमा दुइ प्रकारका सेवाहरु हुन्थे, प्रेरितहरुका अनि डिकनहरुका । यसद्वारा राम्रो काम भयो...

प्रेरितहरुले आफैलाई चाहिँ प्रार्थना, सुसमाचार प्रचार अनि शिक्षामा समर्पित गरे ।

डिकनहरुले चाहिँ व्यावहारिक खाँचोहरु पूरा गर्ने सेवकाइमा समर्पित गरे ।

“परमेश्वरको वचन बढ्दैगयो । र चेलाहरुको संख्या यशरुशलेममा अत्यन्तै बढ्यो ...।” (प्रेरित ६:७)

आज पनि, मण्डलीहरुले आत्मिकी र भौतिकी दुवै प्रकारले खाँचोमा परेकाहरुको वास्ता गर्नु पर्छ । श्रम विभाजनद्वारा कामलाई अझ बढी प्रभावशाली पार्न सकिन्छ । एल्डर तथा पाष्टरहरुले चाहिँ तिनीहरुको आफ्ना सेवकाइलाई अघि बढाउन सक्छन्: उनीहरु भेटघाटमा जान, सिकाउन, प्रार्थनामा समय बिताउन, अनि परमेश्वरको वचन अध्ययन गर्न सक्छन् ।

डिकनहरुले पनि आफ्ना सेवकाइहरु सुचारु रुपले चलाइरहेका हुन्छन् ।

नयाँ करारमा डिकनको अर्थ सेवक हुन्छ । डिकनले एल्डर तथा पाष्टरहरुलाई सहयोग पुऱ्याउँछ । उसले हरेकलाई नै सेवा पुऱ्याउँछ । आवश्यकता पर्ने बित्तिकै हरेक मण्डलीले डिकनहरु नियुक्त गर्नु पर्दछ ।

डिकन र एल्डरबीचको भिन्नतामा हामी स्पष्ट बनौं:

प्रेरितीय मण्डलीमा, डिकनहरु त्यस्ता सेवकाइहरुमा संलग्न हुन्थे, जो सार्वजनिक अगुवापनमा देखा पर्नु पर्दैनथ्यो । उदाहरणको लागि, प्रेरित ६:१-६ मा एक महत्त्वपूर्ण काम गर्नको लागि मण्डलीले पवित्र आत्माद्वारा भरिएका मानिसहरुलाई नियुक्त गरेको थियो । उनीहरुले के काम गरे ? (प्रेरित ६:१-६)

एल्डर (पाष्टर)हरुको जिम्मेवारी के थियो ? (१ पत्रुस ५:१-४)

- एल्डरले चाहिँ गोठालोको काम गर्छ, सिकाउँछ अनि अगुवाइ गर्दछ ।

- डिकनले चाहिँ व्यावहारिक तथा भौतिक क्षेत्रलाई हेर्दछ ।

टिप्पणी: मण्डलीको व्यावहारिक काम पनि आत्मिक सेवकाइ नै हो । "आत्मिक" भन्नाले "परमेश्वरसित सम्बन्धित" हो, व्यावहारिक काम पनि यस्तै हुनुपर्छ ।

डिकनहरुले कसरी प्रेरितहरुलाई सहयोग प्रदान गरे ?
(प्रेरित ६:१-६)

डिकनेस फिबीले कसलाई सहयोग प्रदान गरिन् ?
(रोमी १६:१-२)

कसरी डोरकासले आफ्ना छिमेकीहरुलाई सहयोग प्रदान गरे ?
(प्रेरित ९:३६-३९)

मण्डलीले कसलाई डिकनहरुको रुपमा नियुक्त गर्नुपर्छ ?

डिकन चाहिँ एक परिपक्व अनि पवित्र आत्माले भरिएको (प्रेरित ६:३) इसाई हुनुपर्छ। उसले सर्वप्रथम आफैलाई एक जिम्मेवार अनि गम्भीर सेवकको रुपमा प्रमाणित गर्नुपर्छ। (१ तिमोथी ३:१०)

डिकनहरुको चरित्र कस्तो हुनुपर्ने १ तिमोथी ३:८-१३ मा पढ्नोस् ।

पद ८ अनुसार, कुन प्रकारको स्वभाव उनीहरुमा हुनुपर्छ ?

मण्डलीमा छानिएको कोषाध्यक्ष वास्तवमा एक डिकन (अथवा डिकनेस) हुन्, किनकि उसले भौतिक कुरोलाई हेरचाह गर्दछ । उनी एक जिम्मेवार व्यक्ति हुनुपर्दछ । कोषाध्यक्षले चर्च काउन्सीललाई महिनामा एक पटक आर्थिक प्रतिवेदन दिनुपर्दछ ।

किन एक नयाँ विश्वासीलाई डिकनमा नियुक्त गर्नुहुन्न ? (पदहरु ९-१०)

एक डिकनको चालचलन कस्तो हुनुपर्छ ? (पद ११)

डिकनको घर कस्तो हुनुपर्छ ? (पदहरु १२,१३)

तपाईंको मण्डलीमा, डिकनहरुलाई कसरी तालीम दिइन्छ ?

डिकनका जिम्मेवारीहरु

डिकनहरुले मण्डलीमा अनि स्थानीय समुदायमा विभिन्न किसिमले सेवा पुऱ्याउँछन् । उनीहरुले खाँचोमा परेकाहरुलाई खीष्टको प्रेम देखाउँछन् ।

तपाईंको बुबा बिरामी भएको कारण, उहाँको पसल मरम्मतमा हामी सहयोग गर्नेछौं ।

खानुभन्दा अघि, अनि पाइखाना गइसके पश्चात हातहरु धुनुहोस् ।

हरेक दिन प्रोटिन, फल अनि सब्जीहरु खाने प्रयास गर्नुहोस् ।

डिकनले ठीकै भन्नुभयो । हामी यो वर्ष अझ राम्रोसँग खाने प्रयास गर्नेछौं ।

माइक्रो जीवाणुहरु मार्नलाई अनि कीटाणुहरुको अण्डाहरु नष्ट पार्नलाई, तपाईंले पिउनु हुने पानी उमाल्नु पर्दछ ।
साँच्चै ?
नयाँ पाइखानाद्वारा तपाईंले धेरै र ोगहरुलाई हटाउन सक्नुहुन्छ ।

आण्टी मरियम, तपाईंको छाना मरम्मत गर्न म आएको छु ।

अहिले जोजो बिरामी पर्नु भएको कारण, मण्डलीले तपाईंलाई सहयोग पुऱ्याउने छ ।

अनि अरु धेरै....

मण्डलीको निम्ति कोषाध्यक्षको काम गर्नु ।

खाँचोमा परेकाहरुलाई
लुगा बनाइदिनु ।

भेटघाट गर्न आउनेहरुलाई
पाहुनाइ गरिदिनु ।

साफसुग्घर....

...मण्डलीमा आउनेहरुलाई स्वागत गर्नु, अनि प्रौढ व्यक्तिहरुको निम्ति किनमेल गरिदिनु, इत्यादि... ।

हरेक डिकनको आफ्नै जिम्मेवारी हुन्छ । उसलाई पद दिनको निम्ति मात्र उसलाई चुनिएको होइन । उसलाई व्यावहारिक कामको सेवकाइको निम्ति चुनिएको हो ।

डिकनहरुले टीमको रुपमा काम गर्नसक्नेछन्, अनि उनीहरुले पाष्टर तथा एल्डरहरुलाई लिएर आफ्ना कामको संयोजन गर्न सक्नेछन् । उनीहरुले मण्डलीमा अरु विभिन्न सेवकाइहरुमा सहयोग गर्नेछन् । डिकनको भूमिका चाहिँ व्यावहारिक क्षेत्रमा भएको आत्मिक सेवकाइको निम्ति प्रोत्साहित गर्ने अनि संयोजन गर्ने, अर्थात, उनी स्वयंले भाग लिने, अनि अरु सदस्यहरुलाई समावेश गरी जिम्माहरु बाँडिदिने काम गर्नुपर्दछ ।

उनीहरुले ध्यान दिनु पर्ने जिम्मेवारीहरु अनि क्षेत्रहरुका उदाहरणहरु (तपाईंको मण्डलीले गर्नुपर्ने देखिएमा त्यहीँ चिन्ह लाउनोस्):

- खाँचोमा परेकाहरुलाई दिनको निम्ति लुगाहरु, खाना, इत्यादि जम्मा गर्नु ।
- अशिक्षित मानिसहरुलाई पढ्न अनि लुगाहरु सिलाउन सिकाउनु ।
- समुदायमा सहयोग पुग्ने प्रोजेक्टहरु गर्न संयोजन गर्नु ।
- मण्डली भवनको निर्माण, सरसफाइ, मरम्मत आदि जिम्मेवारीलाई संयोजन गर्नु ।
- बाइबल, इसाई साहित्य अनि भजन पुस्तकहरु बेच्नु ।
- कोषाध्यक्ष अथवा सचिवको रुपमा काम गर्नु ।
- बिरामीहरु, विधवाहरु अनि टुहुराहरुलाई भेटी सहयोग पुऱ्याउनु ।

- सेवामा आउनेहरुलाई स्वागत गर्नु ।
- सेवाको निम्ति मण्डली भवन खोल्न, सरसफाइ गर्न, फूलदानीहरु भर्न, सेवा शुरु हुनुभन्दा अघि नै आउनु ।
- भेटघाटको निम्ति आउने इसाई सेवकहरुलाई पाहुनाइ गर्नु ।
- स्वास्थ्य र पोषणबारे शिक्षा दिनु ।
- प्राकृतिक प्रकोप अथवा दुर्घटनाका शिकार भएकाहरुलाई सहयोग प्रदान गर्ने ।
- जवानहरुलाई केही व्यवसाय अथवा कामकुरोहरु सिकाउनु ।
- अझ राम्रोसँग खेतीपाती गर्न सिकाउनु ।
- मानिसहरुलाई चाहिने भिटामीनहरु प्राप्त गर्न फल तथा सब्जीहरु लगाउन सिकाउने ।
- विवाहितहरुलाई तिनीहरुको पारिवारिक जिम्मेवारीहरु सिकाउने ।

परमेश्वरको महा-आज्ञा यही छ कि हामीले परमेश्वरलाई सारा हृदयले अनि हाम्रा छिमेकीलाई आफूलाई झैं प्रेम गर्नुपर्छ (मत्ती २२:३७-४०)। यो प्रेम चाहिँ व्यावहारिक हो (१ यूहन्ना ३:१६-१८)। यसले खाँचोमा परेकाहरुको सेवा गर्दछ (मत्ती २५:३१-४६, लूका १०:२५-३७)।

यो सेवकाइ सञ्चालन गर्नको निम्ति मण्डलीले प्रार्थनासहित डिकनहरुलाई नियुक्त गर्दछन् ।

के तपाईंको मण्डलीमा डिकनहरु छन् ? _____

तपाईंको मण्डलीले तिनीहरुलाई छान्ने प्रक्रिया कस्तो छ ?

_____

कति समयसम्म उनीहरुले सेवा पुऱ्याउँछन् ?

_____

एक आज्ञाकारी मण्डलीले प्रचार मात्र गर्दैन । यसले आफ्नो प्रेमलाई व्यवहारमा उतार्दछ (रोमी १३:८-१०, १ कोरन्थी १३:१)। एक आज्ञाकारी विश्वासीले सबैलाई भलो गर्दछ, तर मुख्य गरी विश्वासका घरानाहरुलाई गर्दछ (गलाती ६:१०)।

संसारको निम्ति हामी के हौं ? (मत्ती ५:१३-१४) ण्द्धण(ज्ञण्ढ

नू_____अनि ज्यो_____।

नूनले स्वादिलो बनाउँछ अनि कुहुनुबाट बचाउँछ । ज्योतिले बाटो देखाउँछ अनि लुकेकोलाई प्रकट गर्दछ । हामीले हाम्रो मण्डली र समुदायमा यी सबै गर्नु खाँचो छ ।

खाँचोमा परेकाहरुलाई सहयोग गर्दा कुन समस्याहरु हटाउनु पर्दछ ?

भौतिक सहयोगले मानिसलाई लोभी बनाउनसक्छ । यसैकारण परमेश्वरले दिने सम्बन्धमा नियम र सीमा राखिदिनु भएको छ । डिकनहरुले बढो होशियारीसाथ खाँचोमा परेकाहरुलाई सहयोग प्रदान गर्नेछन् । १ तिमोथी ५:३-१६ पढ्नोस् ।

खाँचोमा परेका व्यक्तिलाई सहयोग पुऱ्याउने प्रमुख जिम्मेवारी कसको हो ? (पदहरु ४,८ अनि १६)

कुन प्रकारका विधवाहरुलाई मण्डलीले सहयोग गर्नुपर्दछ ? (पदहरु ५-६, अनि ९-११)

जवान विधवाहरुले के गर्नुपर्दछ ? (पदहरु १४-१५)

२ थिस्सलोनिकी ३:१०-१५ पढ्नोस् । कस्तालाई हामीले सहयोग गर्नुहुँदैन ?

डिकनेसहरुको चुनाव

डिकनहरुको जस्तै काम गर्नको निम्ति मण्डलीले डिकनेसहरुलाई चुन्दछ। निश्चय पनि, तिनीहरु चाहिँ बढी परिवार अनि कामदार स्त्रीहरुको माझमा सेवा पुऱ्याउनेहरु हुनुपर्छ। तिनीहरुलाई पनि डिकन चुनिएकै प्रक्रियामा मण्डलीमा चलेको नियमअनुसार चुनिने काम गरिन्छ।

डिकनेसहरुको निम्ति बाइबलीय जिम्मेवारीहरु

- एक डिकनेसले पनि एक डिकनले झैं त्यही जिम्मेवार ीहरु निभाउनु पर्दछ। (१ तिमोथी ३:८-१३, विशेष गरी पद ११)

- उसले मण्डलीको व्यावहारिक काममा सहयोग पुऱ्याउँछे, विशेष गरी खाँचोमा परेकाहरुको माझ सेवकाइ गरेर। (प्रेरित ६:१-७, ९:३६-३९)

- पाष्टर तथा एल्डरहरुलाई उसले गर्नसक्ने कामको निम्ति सहयोग प्रदान गर्छे। (रोमी १६:१२, तीतस २:३-५)

- डिकनेसहरुले स्त्रीहरुलाई परामर्श दिने, घरघर भेटघाट गर्ने अनि सुसमाचार प्रचार गर्ने काम गर्दछन् ।

- १ तिमोथी ३:११ अनुसार, कुन विशेष परीक्षाबाट डिकनेसहरु जोगिनु पर्दछ ?

डिकनेस अनि सेवकाइमा भएका स्त्रीका नमूनाहरु

फिबी सिन्क्रियाको मण्डलीमा एक डिकनेस थिइन् । उसले इसाई सेवकहरुलाई सहयोग गर्दथिन् अनि रोममा पावलकहाँ एक पत्र लगिदिएकी थिइन् । (रोमी १६:१-२)

डोरकासले लुगा बुन्ने काम सँगसँगै, सधैं असल काम गरिर हेकी अनि गरीबहरुलाई सहयोग गर्ने गर्दथिइन् ।
(प्रेरित ९:३६-३९)

लिडिया यूरोपमा खीष्टको निम्ति परिवर्तन हुने पहिलो व्यक्ति थिइन् । उसको राम्रो नमूनाको कारण, उसका सम्पूर्ण परिवार परिवर्तन भएका थिए । उसको परिवर्तन पश्चात, उसले मिसनेरीहरुको पाहुनाइ गरेर प्रभुको सेवा गर्ने गर्दथिइन् । (प्रेरित १६:१३-१५)

प्रिस्किलाले इसाई सेवकहरुको पाहुनाइ गर्दथिन् अनि उनीहरुलाई सल्लाह दिन्थिन् (प्रेरित १८:१-३, १८:२४-२६) । आफ्ना पति अक्विलासँग मिलेर प्रिस्किलाले पावल अनि उसको दलमा रही सुसमाचार प्रचार गरिन्, उसको घर सेवाको निम्ति चलाउन दिइन् अनि सेवकहरुको खातिर आफ्नो जीवन खतरामा हालिन् । (रोमी १६:३-५)

पुरानो करारमा, सुनैमी नामकी एक स्त्रीले प्रभुको दास एलिशाको निम्ति आफ्नो घरमा एक खाट, टेबल, चौकी अनि ममबत्तीको बन्दोबस्त गरिदिइन् ताकि अगमवक्ता त्यो बाटो भएर यात्रा गर्नुहुँदा आरामसँग रहन सकून् ।
(२ राजा ४:८-११)

डिकनेसका खास सेवकाइ

अरु स्त्रीहरुलाई अर्ती दिनु अनि आफूभन्दा सानाहरुको निम्ति नमूना बन्नु ।

उसकै नमूनाद्वारा, कुनै पनि डिकनेसले आफ्ना पति अनि अरु मानिसहरुसित कसरी व्यवहार गर्नुपर्छ अनि अरु कम उमेरका स्त्रीहरुले पुरुष मित्रहरुसित कसरी व्यवहार गर्नु पर्ने हो भनी उनीहरुलाई सिकाउनुपर्छ । बाइबल प्रयोग गरेर, उनीहरुले तिनीहरुलाई दुलहीको, पत्नीको, आमाको, सेविकाको, व्यवसायीको, घरेलु स्त्रीको जिम्मेवारीहरुको बारेमा सिकाउने काम गर्दछिन् । एक डिकनेसले व्यक्तिगत समस्या भएका स्त्रीहरुलाई परामर्श दिने काम पनि गर्छिन् ।

तपाईंको मण्डली अथवा झुण्डमा भएको कुनै परिपक्व इसाई स्त्रीले उनीभन्दा साना स्त्रीहरुलाई बाइबलको आधारमा पर ामर्श दिन सक्छे ?

स्त्री एल्डर तथा डिकनेसहरुले उनीहरुभन्दा साना स्त्रीहरुलाई के के सिकाउन सक्छन्, हामी हेरौं । (तीतस २:३-५)

उनीहरुले उनीहरुभन्दा साना स्त्रीहरुलाई निम्न कुराहरु सिकाउन सक्छन्:

- असल पत्नी अनि आमा हुन, अनि उनीहरुले गर्ने हरेक थोकमा आत्म-संयम अनि पवित्र हुन । (तीतस २:४-५)

- कुनै अर्को विश्वासीलाई नै विवाह गर्न । (२ कोरन्थी ६:१४-१८)

- काममा, उनीहरुमाथि भर पर्न सकिन्छ भनी देखाउनु, जुन असल छ त्यो गर्न इच्छुक हुनु । (तीतस २:९-१२)

- प्रार्थना गर्नु अनि परमेश्वरको वचन अध्ययन गर्नु, अनि बोली, विश्वास, जीवन अनि पवित्रतामा उदाहरण बन्नु । (१ तिमोथी ४:१२-१३)

- सुहाउँदिलो पहिरण लाउनु, भद्रता अनि शान्त आत्माको सुन्दरता लाउनु । (१ पत्रुस ३:३-४, १ तिमोथी २:९-१०)

डिकनेसहरुले सबै स्त्रीहरुलाई निम्न कुराहरुमा उत्साहित गर्नुपर्छः

- सेवा गर्ने ठाउँ सफा राख्ने, फूलदानीहरु भर्नु, इत्यादि ।
- सेवाको बेला नानीहरुको वास्ता गर्नु अनि सिकाउनु ।
- भ्रमणकारी इसाई सेवकहरुको पाहुनाइ गर्नेछन् ।
- छिमेकीहरुलाई सुसमाचार सुनाउनु ।
- नानीहरुलाई पोषण तत्त्व ख्वाउन, तिनीहरुको घरको हेर चाह गर्न, लुगाहरु बनाउन, इत्यादि गर्न छिमेकी स्त्रीहरुलाई सिकाउनु ।
- छिमेकीहरुलाई सागसब्जी अनि फूलहरु लाउन, अथवा तिनीहरुको घरको निम्ति चाहिँदो कुराहरु बनाउन सिकाउनु ।
- अशिक्षित प्रौढहरुलाई पढ्न र लेख्न सिकाउनु ।
- समस्यामा परेकाहरुलाई परामर्श दिनु ।

- बिरामी, विधवा, बूढाबूढीहरु अनि आवश्यकतामा परेकाहरुको वास्ता र सहयोग गर्नु ।

- तिनीहरुका भेटी अनि सहयोगद्वारा मण्डलीको कामको निम्ति सहयोग प्रदान गर्नु ।

तपाईंका डिकनहरुले सामना गर्नुपर्ने सामुदायिक आवश्यकतालाई विचार गर्नोस् ।

इसाईहरुले खाँचोमा परेकाहरुलाई सहयोग गर्नुपर्ने बाइबलीय उत्तरदायित्वबारे सिकाउनु पर्छ । (याकूब २:१४-२६)

खाँचोमा परेकाहरुलाई सहयोग नगर्ने झूटा "विश्वासीहरु"लाई प्रभुले के गर्नु हुनेछ ? (मत्ती २५:३१-४६)

प्रेमका कार्यहरु नै साँचो विश्वासको प्रमाण हुन् (यूहन्ना १४:१५, १५:५-६)। हामी कामद्वारा होइन, तर कामको निम्ति बचाइएका हौं (एफिसी २:८-१०)

डिकनहरुले पाष्टरहरुलाई सहयोग प्रदान गर्दछन् अनि अरुहरुलाई सहयोग प्रदान गर्ने सेवकाइमा सारा मण्डलीलाई सहभागी बन्न संयोजकको भूमिका निभाउँछन् ।

अरुहरुलाई सहयोग गर्ने यो सेवकाइ सञ्चालन गर्न समर्थ बन्न सकौं भनी हामी निम्न कारणले भेटीहरु दिने गर्छौं:

- इसाई सेवकहरुलाई सहायता प्रदान गर्न । (१ कोरन्थी ९:४-१४, १ तिमोथी ५:१७-१८)
- भइपरी आउने अनि आपतकालको समयमा सहयोग गर्न । (प्रेरित ११:२८-२९)
- अर्को मण्डलीमा खाँचोमा परेका विश्वासीहरुलाई सहयोग गर्न । (१ कोरन्थी १६:१-४)
- गरीबहरुलाई । (गलाती ६:१०)
- बूढी विधवाहरु, अनि टुहुराहरुलाई । (प्रेरित ६:१, १ तिमोथी ५:३-१६, याकूब १:२७)
- इत्यादि ।

लूका २१:१-४ मा, गरीब विधवाको भेटीको सम्बन्धमा येशूले के भन्नुभयो ?

विधवाहरुको वास्ता गर्ने प्रमुख जिम्मेवारी कसको हो ? (१ तिमोथी ५:४-१६)

मण्डलीले सहयोग पुऱ्याउनको लागि कुन प्रकारका विधवाहरु योग्यका ठहरिन्छन् ? (१ तिमोथी ५:९-१५)

तपाईंका मण्डलीका अति जरुरी खाँचोहरु लेख्नु होस् जसलाई डिकनहरुले पूरा गर्न सहयोग गर्न सक्नेछन् ।

अभ्यासको काम

- डिकनहरुका भूमिका र कार्यबारे तपाईंको मण्डलीलाई जानकारी दिनोस् । (प्रेरित ६:१-७, १ तिमोथी ३:८-१३)
- तपाईंको मण्डली र समुदायमा भएका खाँचोहरु पत्ता लाउनोस् ।
- सेवाको सेवकाइ संयोजन गर्न तपाईंको मण्डलीसँग मिली डिकनहरु नियुक्त गर्नोस् ।

- हरेक डिकनलाई जिम्मेवारीहरु दिनोस्, अनि त्यसलाई सुसम्पन्न गर्नको निम्ति तालीम पनि दिनोस् ।

- डिकनेसहरुलाई चाहिँ स्त्रीहरुलाई परामर्श दिनको निम्ति अह्राउनु होस् ।

- तपाईंका मण्डलीका डिकन तथा डिकनेसहरुले के के गर्नु पर्छ, लेखिदिनु होस् :

टिप्पणीहरु

टिप्पणीहरु

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

040NP01A-01